# नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२ फागुन १२ को बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सोह्रौं योजना कार्यान्वयन कार्ययोजना (२०८१/८२-२०८५/८६) स्वीकृत गर्ने। |
| २ | अर्थ मन्त्रालय | नेपाललाई OECD Global Forum on Transparency and Exchange of Information for Tax Purposes को सदस्यता लिन स्वीकृति प्रदान गर्ने। |
| ३ | अर्थ मन्त्रालय | चीन सरकारबाट प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि प्रदान गर्ने प्रस्तावित चार मिलियन अमेरिकी डलर बराबरको नगद अनुदान सहायता स्वीकार गर्ने। |
| ४ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | चालु आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रममा उल्लेख भएबमोजिम बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजनाको वित्तीय लगानी ढाँचा स्वीकृत गर्ने। |
| ५ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | बिमा ऐन, २०७९ को दफा १४० बमोजिमको कसुर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न नेपालका ७७ वटै जिल्ला अदालतलाई तोक्ने। |
| ६ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | न्याय सेवा आयोगको सिफारिसबमोजिम दुईजना उपसचिवलाई नेपाल न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा पदस्थापन गर्ने। |
| ७ | गृह मन्त्रालय | विक्रम संवत् २०८३ साल वैशाख १ गतेदेखि चैत मसान्तसम्म दिइने सार्वजनिक बिदा निर्धारण गर्ने। |
| ८ | गृह मन्त्रालय | निर्वाचनको क्रममा घाइते भएका सुरक्षाकर्मी तथा निर्वाचन प्रहरीलाई उपचारमा लागेको खर्च नेपाल सरकारले व्यहोर्ने। साथै, सो अवधिमा निजहरूको मृत्यु भएमा निजको आश्रित परिवारलाई आर्थिक सहायता उपलब्ध गराउने। |
| ९ | गृह मन्त्रालय | २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को सन्दर्भमा २०८२ फागुन २० देखि २२ गतेसम्म तीन दिन मुलुकभर सार्वजनिक बिदा दिने। |
| १० | गृह मन्त्रालय | श्री हितमान गुरुङ्गलाई बेलायतका राजाद्वारा प्रदान गरिने Most Excellent Order of the British Empire (BEM) उपाधि ग्रहण गर्न स्वीकृति प्रदान गर्ने। |
| ११ | गृह मन्त्रालय | नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार गठित यातायात क्षेत्रसम्बन्धी सर्वोच्च अदालतका आदेशहरू कार्यान्वयनसम्बन्धी जाँचबुझ आयोगको कार्यावधि एक महिना थप गर्ने। |
| १२ | गृह मन्त्रालय | २०८२ चैत २५ देखि २७ गतेसम्म फ्रान्समा आयोजना हुने 21st INTERPOL Annual Heads of NCB Conference मा प्रहरी महानिरीक्षक श्री दानबहादुर कार्कीलाई सहभागी हुन स्वीकृति दिने। |

| | | |
|---|---|---|
| १३ | गृह मन्त्रालय | २०८२ फागुन १८ र १९ गते भारतमा हुने Raisina Insights Forum 2026 (RIF-2026) विषयक कार्यक्रममा अतिरिक्त मुख्य अनुसन्धान निर्देशक श्री ओम प्रकाश जोशीलाई सहभागी हुन स्वीकृति दिने। |
| १४ | परराष्ट्र मन्त्रालय | नेपाल सरकारको प्रतिनिधित्व गर्दै २०८२ फागुन ४ देखि ७ गतेसम्म बंगलादेशका नवनिर्वाचित प्रधानमन्त्री तारेक रहमानको शपथ समारोहमा सहभागी हुनुभएका माननीय परराष्ट्र मन्त्रीको भ्रमण समर्थन गर्ने। |
| १५ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | चीन सरकारको अनुदान सहयोगमा निर्माण/स्तरोन्नति हुने कलङ्कीदेखि बसुन्धरासम्मको काठमाडौं चक्रपथ सुधार आयोजना कार्यान्वयन सम्झौतामा उल्लिखित विषयहरूमा कर छुट दिने। |
| १६ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यसमितिको तदर्थ समितिलाई संवत् २०८३ साल असार मसान्तसम्मको लागि निरन्तरता दिने र सो समितिले उक्त अवधिभित्र नयाँ कार्यसमिति गठन गर्ने गरी बाधा अड्काउ फुकाउन आदेश जारी गर्ने। |
| १७ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | न्यूयोर्कमा आयोजना हुने संयुक्त राष्ट्रसङ्घीय महिलाको स्थिति सम्बन्धी आयोग (CSW) को ७०औं सम्मेलनमा २०८२ फागुन २५ देखि चैत ५ गतेसम्म सहभागी हुन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय श्रद्धा श्रेष्ठ नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने। |
| १८ | युवा तथा खेलकुद मन्त्रालय | २०८२ फागुन १ देखि ७ गतेसम्म सुर्खेतको वीरेन्द्रनगरमा आयोजना गरिएको दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता प्रतिनिधि सभाको आसन्न निर्वाचनपछि उपयुक्त समयमा आयोजना गर्ने। |
| १९ | रक्षा मन्त्रालय | नेपाली सेनाका दुईजना प्रमुख सेनानीको महासेनानी पदमा बढुवा गर्ने र दुईजना महासेनानीको सरूवा गर्ने। |
| २० | वन तथा वातावरण मन्त्रालय | केरावारी-न्यू मर्स्याङ्दी (दरौदी करिडोर) १३२ के.भी. विद्युत प्रसारणलाइन आयोजना निर्माणको लागि राष्ट्रिय वनक्षेत्रको जग्गा प्रयोग गर्न र सो जग्गामा रहेका रुख/पोल हटाउन स्वीकृति दिने। |
| २१ | वन तथा वातावरण मन्त्रालय | माथिल्लो जुनवेशीखोला जलविद्युत आयोजना निर्माणको लागि राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न र सो जग्गामा रहेका रुख/पोल हटाउन स्वीकृति दिने। |
| २२ | वन तथा वातावरण मन्त्रालय | सेती खोला जलविद्युत आयोजनाको १३२ के.भि. विद्युत प्रसारणलाइन आयोजना निर्माणको लागि राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न र सो जग्गामा रहेका रूख/पोल हटाउन स्वीकृति दिने |
| २३ | जेनजी परिषद् गठन गर्ने। | |
| २४ | नेपाल सरकारका सचिवहरू डा. रामप्रसाद घिमिरे र डा. हरिप्रसाद लम्साललाई अनिवार्य अवकाशको जानकारी दिने र उहाँहरूले हालसम्म पुऱ्याउनु भएको योगदानको लागि नेपाल सरकारको तर्फबाट धन्यवाद दिने। | |
| २५ | नेपाल सरकारका राजपत्राङ्कित विशिष्ट श्रेणीका छजना अधिकृतहरूको वैदेशिक भ्रमण स्वीकृत गर्ने। | |